# शनिवार र आइतवार सार्वजनिक बिदा भएको सन्दर्भमा विद्यालय तहमा पठनपाठन सञ्चालन तथा व्यवस्थापन

नेपालको विद्यालय शिक्षा पद्धति प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा १२ सम्म विस्तारित छ । यसअन्तर्गत विभिन्न सामुदायिक र संस्थागत विद्यालयहरू (शिक्षा ऐन, २०२८) सञ्चालनमा रहेका छन् । प्रारम्भिक बालविकास तथा शिक्षाका केन्द्रहरूदेखि कक्षा १२ सम्मका विद्यालयहरू ७७ जिल्लाका ७५३ ओटै स्थानीय तहमा सञ्चालनमा रहेका छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०८२ सालको तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षाका ४२,६१९ ओटा (सामुदायिकतर्फ ३४,३५६), कक्षा १ देखि १२ का जम्मा विद्यालय सङ्ख्या ३५,९५१ (सामुदायिकतर्फ २७,०१०) ओटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । यी विद्यालयअन्तर्गत प्रारम्भिक बालविकास तथा शिक्षामा १२,२०,५३८ जना (सामुदायिकतर्फ ५,६१,४८१), कक्षा १ देखि १२ का जम्मा ७०,४०,८२५ जना (सामुदायिकतर्फ ४३,८३,६५५) अध्ययन गरिरहेका छन् (CEHRD, Flash I report 2082) । यससम्बन्धी विस्तृत विवरण यस प्रकार छः

**विद्यालयको विवरण**

| विद्यालयको तह | जम्मा | सामुदायिक | संस्थागत | परम्परागत |
|---|---|---|---|---|
| आधारभूत तह, कक्षा (१-५) | १७,५७३ | १५,०७९ | २,४९४ | १,१२० |
| आधारभूत तह, कक्षा (६-८) | ६७९० | ४७११ | २०७९ | १७३ |
| आधारभूत तह, कक्षा (१-८) | २४,३६३ | १९,७९० | ४,५७३ | १,२९३ |
| माध्यमिक तह (१-१०, ६-१०, ९-१०) | ७,१७० | ३,८३९ | ३,३३१ | ६७ |
| माध्यमिक तह (१-१२) | ४,४१८ | ३,३८१ | १,०३७ | २७ |
| माध्यमिक तह (९-१२) | ११,५८८ | ७,२२० | ४,३६८ | ९४ |

द्रष्टव्यः परम्परागत विद्यालयलाई सामुदायिक विद्यालयअन्तर्गत नै गणना गरिएको छ ।

(CEHRD, 2082)

**विद्यार्थीको विवरण**

| तह | जम्मा | | सामुदायिक | | संस्थागत | | परम्परागत | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा |
| **प्रारम्भिक बालविकास तथा शिक्षा** | १२,२०,५३८ | ५,४७,५८५ | ५,६१,४८१ | २,७१,०७६ | ६,५९,०५७ | २७६५०९ | २०,९९४ | १०,५६५ |
| **कक्षा १-५** | ३५,५४,९०४ | १६,६९,१२९ | २०,४५,३७५ | १०,४५,३८३ | १५,०९,५२९ | ६,२३,७४६ | १,१७,३९७ | ६४,१३९ |
| **कक्षा ६-८** | १८,१९,३६८ | ८,७५,८५० | १२,१३,०७१ | ६,२५,७७१ | ६,०६,२९७ | २,५०,०७९ | १२,८७९ | ६,७१० |
| **कक्षा १-८** | ५३,७४,२७२ | २५,४४,९७९ | ३२,५८,४४६ | १६,७१,१५४ | २१,१५,८२६ | ८,७३,८२५ | १,३०,२७६ | ७०,८४९ |
| **कक्षा ९-१०** | ९,६८,४३० | ४,७६,१७१ | ६,९०,८५१ | ३,५७,८५४ | २,७७,५७९ | १,१८,३१७ | ३,०५५ | १,४६१ |
| **कक्षा ११-१२** | ६,९८,१२३ | ३,३९,७४५ | ४,३४,३५८ | २,२६,९१७ | २,६३,७६५ | ११२,८२८ | १,१७१ | ४१० |
| **कक्षा ९-१२** | १६,६६,५५३ | ८,१५,९१६ | ११,२५,२०९ | ५,८४,७७१ | ५,४१,३४४ | २,३१,१४५ | ४,२२६ | १,८७१ |

(CEHRD, 2082)

२०८३ सालको शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने भन्ने नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२।१२।२२ मा निर्णय भएको र २०८२।१२।२३ देखि सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थामा शनिवार र आइतवार दुई दिन सार्वजनिक बिदा दिने निर्णय भएको सन्दर्भमा विद्यालय सञ्चालन हुने दिन तथा पठनपाठन हुने अवधिमा समेत समायोजन गर्नुपर्ने आवश्यकता भएकाले राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०८३।०१।११ गतेको निर्णयबमोजिम गठित कार्यदलको सुझावसमेतका आधारमा स्वीकृत पाठ्यक्रमले तोकेको कार्यघण्टा मिलान गरिएको हो ।

**सन्दर्भ अध्ययन तथा विश्लेषण**

परिवर्तित सन्दर्भमा सामुदायिक तथा संस्थागत विद्यालयबाट वार्षिक शैक्षिक पात्रो निर्माण तथा कार्यान्वयनमा विशेष चिन्ता र चासो व्यक्त भइरहेको छ । औपचारिक तथा अनौपचारिक विधिबाट हासिल हुने सिकाइ र यसका लागि सिकाइ सहजीकरण क्रियाकलाप निर्धारण गरी यसको प्रभावकारी कार्यान्वयनका लागि शैक्षिक पात्रोले एकाइ योजना, पाठयोजना तथा अतिरिक्त क्रियाकलापहरूको व्यवस्थापनमा सहजीकरण गर्छ । कक्षाकोठाभित्र र बाहिरका शैक्षिक तथा अन्य अनुभवजन्य सिकाइ क्रियाकलाप विद्यार्थीको रुचि, आवश्यकता तथा क्षमताअनुसार तयार पारी तोकिएको समयमा सम्पन्न गर्न शैक्षिक पात्रो कोसेढुङ्गा हो । यसर्थ विद्यालय शिक्षाका लागि परिवर्तित सन्दर्भमा शैक्षिक पात्रो व्यवस्थापन गरी कार्यान्वयनमा लैजानु अझ सान्दर्भिक हुने देखिन्छ ।

शैक्षिक गुणस्तरलाई सुदृढ गर्न गरेका समसामयिक परिवर्तनलाई आत्मसात् गरी नेपाल सरकारले गरेको निर्णयलाई आशातीत रूपमा कार्यान्वयनमा लैजान आवश्यक देखिन्छ । यस सन्दर्भमा विद्यालयको पठनपाठनलाई प्रभावकारी रूपमा व्यवस्थित गर्न नसकेको अवस्थामा समसामयिक परिवर्तनले पनि गुणस्तर खस्कन सक्ने आकलन पनि कतिपय सरोकारवालाबाट निरन्तर रूपमा भइरहेको अवस्था छ । यो अर्को मननीय पक्ष पनि हो । यसै पनि परम्परागत शैक्षिक पात्रोले कक्षाकोठामा आधारित सिकाइमा अपेक्षित सुधार गर्न नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा विद्यालयले अवलम्बन गरेका कतिपय अभ्यासमा सुधार आवश्यक देखिन्छ । यसर्थ विद्यालयमा उपलब्ध साधनस्रोत र व्यवस्थाको अधिकतम सदुपयोग गर्दै समग्रमा विद्यालय शिक्षाका परिवर्तित अवधारणालाई व्यवस्थित एवम् चुस्तदुरुस्त रूपमा सञ्चालन गरी सहजतापूर्वक शिक्षाका लक्षित उद्देश्य हासिल गर्न मौजुदा शिक्षणसिकाइ पद्धतिमा परिवर्तन गर्नुपर्ने हुन्छ । यसर्थ समय समयमा तोकिएका पठनपाठनसम्बद्ध क्रियाकलाप गरी वा गराई वार्षिक शैक्षिक गतिविधिलाई पुनःसंरचना गर्न शैक्षिक पात्रो एक सशक्त माध्यम पनि बन्न सक्छ ।

नेपालको विद्यालय शिक्षाको शैक्षिक इतिहासलाई मनन गर्दा शैक्षिक सत्र सुरु गर्ने अभ्यासमा एकरूपता नभएको पाइन्छ । यस क्रममा विभिन्न समयमा शैक्षिक पात्रो सामान्यतः शैक्षिक सत्रको प्रारम्भ पुस १ देखि, फागुन १ देखि, वैशाख १ देखि र साउन १ देखि लागु हुने गरी बनाई कार्यान्वयनमा आएको पाइन्छ । तर हालका वर्षमा यो अभ्यास कक्षा १ देखि १० सम्ममा वैशाख १ देखि  तथा कक्षा ११ र १२ मा साउन १ देखि लागु हुने गरी एकरूपता कायम गर्ने गरी शिक्षा नियमावली २०५९ मार्फत व्यवस्थित गरिएको छ । हिमाली जिल्लामा फागुन १ देखि लागु गर्नुपर्ने मागसमेत आइरहको छ । यस सम्बन्धमा सरोकारवालाहरूको धारणा सङ्कलन तथा विश्लेषण गरी विस्तृत अध्ययनका आधारमा शिक्षा नियमावलीको व्यवस्थाअनुसार हुन सान्दर्भिक देखिन्छ ।

विद्यालय शिक्षाको शैक्षिक पात्रो बनाउनका लागि विद्यार्थी, शिक्षक, विद्यालय, व्यवस्थापन समिति, स्थानीय तह र अभिभावकलगायतको संलग्नता सान्दर्भिक हुन्छ ।  यसका लागि मार्गदर्शनका रूपमा केन्द्रले नमुना ढाँचा दिंदा एकरूपता कायम गर्न सहजता प्राप्त हुने देखिन्छ । उक्त नमुना शैक्षिक पात्रोमा विद्यार्थी, शिक्षक, विद्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय तह र अभिभावकलगायतले वर्षभरि पढाइने विषयका पाठहरूको विभाजन स्पष्ट रूपमा प्रस्तुत गरिनुपर्छ । वर्षभरि विद्यालय खोलिने दिन, सार्वजनिक बिदा, विभिन्न परीक्षा समय, परियोजना तथा प्रयोगात्मक कार्य, अतिरिक्त क्रियाकलाप, सूचना तथा सन्देश एवम् शिक्षक विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहितालगायतका विषयवस्तुलाई समावेश गर्दा सान्दर्भिक हुने  देखिन्छ । यसमा स्थानीय सामाजिक मूल्यमान्यता, संस्कार, संस्कृति र परम्पराको संवेदनशीलतालाई समेत हेक्का राखी पात्रो  बनाउँदा सान्दर्भिक हुने देखिन्छ । यसर्थ विद्यालय शिक्षाका कार्यक्रममा पारदर्शिता, मौजुदा सामाजिक, सांस्कृतिक, राजनीतिक एवम् कानुनी व्यवस्थाअनुरूपको विकेन्द्रित  जिम्मेवारी एवम् जवाफदेहिता, सहभागितामूलक  निर्णय प्रक्रिया जस्ता सुशासनका सर्वमान्य आधारभूत मूल्यमान्यतालाई आत्मसात् गर्दै अपेक्षित अधिकतम शैक्षिक उपलब्धि हासिल गर्न शैक्षिक पात्रोले मार्गदर्शनको भूमिका खेल्न सक्छ ।

**कानुनी तथा नीतिगत व्यवस्था**

नेपाल सार्वजनिक बिदा धेरै हुने देशमध्ये एक भएकाले यहाँका विद्यालयमा पढाइ हुने दिन कम हुनु अस्वाभाविक तथ्य होइन । विद्यालय शिक्षा सञ्चालनका सन्दर्भमा नेपाल सरकारबाट निर्धारित सार्वजनिक बिदा, शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ ले गरेको बिदासम्बन्धी व्यवस्था, प्रदेश एवम् स्थानीय तहअन्तर्गत दिइने बिदाको मिलान एक अर्को चुनौती हो । शिक्षा नियमावली २०५९ को नियम ८४ को उपनियम ५ मा विद्यालयको एक शैक्षिक सत्रमा काम गर्ने दिन कम्तीमा २२० दिन हुने छ भन्ने व्यवस्था रहेको छ भने सोही नियमावलीको नियम ८५ को उपनियम २ मा बडादसैँको घटस्थापनादेखि पूर्णिमासम्म विद्यालय बन्द रहने छ एवम् नियम ८५ उपनियम ३ मा एक शैक्षिक सत्रमा हिउँदे बिदा वा बर्से बिदा वा दुबै गरी ४५ दिन विद्यालय बन्द रहने छ भन्ने व्यवस्था पनि रहेको छ । यी सबै व्यवस्थाले विद्यालय शिक्षामा शैक्षिक क्यालेन्डर हेरफेर एक चुनौतीपूर्ण कार्य बन्न पुगेको हो । यस परिस्थितिमा पाठ्यक्रममा तोकिएको विषयवस्तु, त्यसका लागि छुट्याइएको पाठ्यभार तथा विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापलगायतका अन्य सूचनामूलक विषयवस्तु समेटेर बनाइने शैक्षिक पात्रोलाई शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा विद्यार्थीलगायतका शिक्षाकर्मीका लागि आफ्नो जिम्मेवारी समयमा सम्पन्न गर्न सहयोग पुर्‍याउने मार्गचित्रका रूपमा लिन सकिन्छ । यसर्थ सार्वजनिक बिदालाई व्यवस्थापन गर्ने कार्यलाई व्यावहारिक बनाउन शैक्षिक पात्रोसँग अन्तरसम्बन्धित गरी अगि बढ्नु सान्दर्भिक हुने देखिन्छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ पाठ्यक्रमसम्बन्धी मूल मार्गदशक दस्तावेज हो । यसले पठनपाठनको समयावधि सम्बन्धमा निम्नानुसारका व्यवस्था गरेको छः

१. प्रारम्भिक बालविकास तथा शिक्षाका लागि एक शैक्षिक सत्रमा वार्षिक जम्मा ५७६ घण्टा दैनिक सिप सिकाइ क्रियाकलाप र विषयगत सिप सिकाइ क्रियाकलाप सञ्चालन हुने छ । यसै गरी वार्षिक २५६ घण्टा मनोरञ्जन, बाह्य खेल र आराम गर्ने तथा खाजा खाने समय हुने छ । उक्त समयले बालबालिकाले प्रारम्भिक बालविकास केन्द्रमा बिताउने पूरा अवधिलाई बुझाउँछ ।

२. विद्यालय शिक्षाको सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ दिन पठनपाठन सञ्चालन हुने छ ।

३. कक्षा १ देखि ३ सम्म जम्मा २६ पाठ्यघण्टा (Credit hour) अर्थात् वार्षिक ८३२ कार्यघण्टाको पठनपाठन गर्नुपर्ने छ ।

४. कक्षा ४ देखि १० सम्म जम्मा ३२ पाठ्यघण्टा अर्थात् वार्षिक १०२४ कार्यघण्टा र कक्षा ११ र १२ मा कम्तीमा २७ पाठ्यघण्टा अर्थात् ८६४ कार्यघण्टादेखि बढीमा ३२ पाठ्यघण्टा अर्थात् १०२४ कार्यघण्टा पठनपाठन गर्नुपर्ने छ ।

५. पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा मानिने छ ।

६. तोकिएको पाठ्यघण्टा नघट्ने गरी विद्यालयले विषयको आवश्यकताअनुसार साप्ताहिक कार्यतालिकाको समयावधि निर्धारण गरी कक्षा सञ्चालन गर्नुपर्ने छ । सामान्यतः प्रतिदिन प्रतिविषय एक घण्टाको एक पिरियड हुने छ ।

यसर्थ परिवर्तित सन्दर्भले कक्षा १ देखि ३ तथा कक्षा ११ र १२ भन्दा पनि कक्षा ४ देखि १० सम्ममा बढी प्रभाव पारेको देखिन्छ । यसमध्ये कक्षा ५ सम्म शतप्रतिशत आन्तरिक मूल्याङ्कन रहेको परिप्रेक्ष्यमा कक्षा ६ देखि ८ सम्म ५० प्रतिशत आन्तरिक मूल्याङ्कन तथा कक्षा ९ र १० मा न्यूनतम २५ प्रतिशतदेखि अधिकतम ५० प्रतिशतसम्म आन्तरिक मूल्याङ्कनसम्बन्धी व्यवस्था गरी त्यसभित्र परियोजना तथा प्रयोगात्मक पक्षलाई जोड दिएको र समग्र विद्यालय शिक्षा पाठ्यक्रमले दैनिक जीवनमा उपयोग हुने अन्तरसम्बन्धित सिकाइलाई विशेष प्राथमिकता दिएकाले परियोजना तथा प्रयोगात्मक पक्षलाई कक्षाकोठाभन्दा बाहिरको सिकाइसँग

जोड्न सके यसको व्यवस्थापन सहज हुने देखिन्छ । परियोजना तथा प्रयोगात्मक सिकाइको उपयोगले नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२।१२।१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअन्तर्गत बुँदा नं ८९ मा उल्लिखित "कक्षा ५ सम्मका विद्यार्थीलाई आन्तरिक परीक्षा लिने कार्य आगामी शैक्षिक सत्रदेखि बन्द गर्ने र उनीहरूलाई मनोवैज्ञानिक असर र दबाब नपर्ने खालको मूल्याङ्कन प्रणालीबारे विकल्प तयार गर्ने" सम्बन्धमा भएको निर्णय कार्यान्वयनमा सहजता प्राप्त हुने देखिन्छ ।

## विगतको अभ्यास र अनुभव

नेपालको शैक्षिक इतिहासको विश्लेषण गर्दा गुरुकुल शिक्षा पद्धतिलगायतमा लुप्त (Hidden) पाठ्यक्रम र अनौपचारिक शिक्षाले प्राथमिकता पाएको देखिन्छ । यो क्रम राणाकाल र त्यसपछि प्रारम्भिक प्रजातान्त्रिक चरणसम्म नेपालको शिक्षा प्रणाली सीमित र असङ्गठित नै भएको पाइन्छ । विद्यालय शिक्षाका सन्दर्भमा यस वेलासम्म शैक्षिक सत्रको केन्द्रीय एकरूपता नभएको अनुभूत गर्न सकिन्छ किनभने त्यसताका स्थानीय विद्यालयहरू मौसम तथा कृषि प्रणालीअनुसार सञ्चालन भएको पाइन्छ । त्यस समयमा सिकाइ क्षति आपूरणको सिद्धान्तको कार्यान्वयनमा समय मिलानले नै प्रमुख प्राथमिकता पाएको देखिन्छ । तसर्थ २०औँ शताब्दीको उत्तरार्धदेखि (२०२०–२०३० दशकपछि) विद्यालय विस्तारसँगै हिमाली जिल्लामा फागुनबाट शैक्षिक सत्र सुरु हुने गरेको पाइन्छ । यसलाई प्राकृतिक अवस्थासँग मेल खाने स्थानीय ज्ञानमा आधारित अभ्यास पनि भनिएको पाइन्छ । करिब ४–५ दशकसम्म संस्थागत रूपमा कायम रहेको यो अभ्यासलाई परिमार्जन गरी नेपाल सरकारबाट २०७९ सालमा कक्षा १० सम्म देशभर शैक्षिक सत्र वैशाखदेखि लागु गरिएको छ । यस कारण भावी दिनमा यस प्रकारका अवस्थालाई समेत सम्बोधन हुने गरी स्थानीय तह र विद्यालयले पठनपाठनका लागि शैक्षिक पात्रो स्वीकृत गरी कार्यान्वयन गर्नु सान्दर्भिक हुने देखिन्छ ।

२०७२ वैशाख १२ गते शनिवार गोरखाको बार्पाकलाई केन्द्रविन्दु बनाई ७.८ रेक्टर स्केलको भूकम्प र वैशाख २९ मा पराकम्प गएको थियो । यस भूकम्प र पराकम्पबाट ५७२ आधारभूत तहमा पढ्ने र १३ जना उच्च तहमा अध्ययनरत विद्यार्थीको निधन भएको थियो । विद्यालय तह तथा उच्च शिक्षामा अध्यापनरत ४९ जना अध्यापकको निधन भएको थियो । यस भूकम्पबाट ३४ हजारभन्दा बढी कक्षाकोठा क्षतिग्रस्त भएका थिए । यस सन्दर्भमा १० लाख विद्यार्थी कुनै भौतिक संरचनाविना पढाइ गर्नुपर्ने स्थितिमा पुगेका थिए भने पाँच लाख विद्यार्थीका लागि विद्यालयमा फर्किन सहायताको खाँचो पर्ने अवस्था देखिएको थियो । विसं २०८० मा जाजरकोट र बझाङमा गएका ठुला भूकम्पपछि सो क्षेत्रका विद्यालय र त्यसअनुसार कक्षाकोठामा पुनर्निर्माणको काम भइरहँदा पनि स्थानीय तवरबाट नै शैक्षिक गतिविधि सञ्चालन र व्यवस्थापन भइरहेको देखिन्छ । गृह मन्त्रालयले विभिन्न समयमा प्रकाशन गर्ने प्रतिवेदनअनुसार बाढीपहिरो, हिमपहिरोलगायत प्रकोपबाट वार्षिक रूपमा उल्लेख्य सङ्ख्यामा मानिसले जीवन गुमाउनुपरिरहेको पाइन्छ । यसै गरी लामो समयसम्म हुने आन्दोलन जस्ता अवस्थामा पनि नेपालमा परियोजना तथा प्रयोगात्मक कार्य एवम् सिकाइ क्षति आपूरणका अन्य सिद्धान्त उपयोग गरी पठनपाठन व्यवस्थापन गरेको अनुभव हामीसँग रहेको छ ।

कोभिड १९ को सङ्क्रमणका कारण विद्यालयमा प्रत्यक्ष साक्षात्कार कक्षा हुन नसकी सिकाइ प्रणाली अवरुद्ध रहेको साथै यसको प्रभाव लामो समयसम्म रहन सक्ने अवस्थामा सिकाइ प्रणालीलाई सुचारु राख्न, विद्यार्थीको शैक्षिक वर्षका लागि निर्धारित सिकाइ उपलब्धिमा क्षति हुन नदिन र वैकल्पिक उपायको अवलम्बन गर्न पठनपाठन व्यवस्थापन गरिएको थियो । स्वीकृत पाठ्यक्रमले कक्षा १–३ का लागि वार्षिक ८३२ कार्यघण्टा र कक्षा ४–१० का लागि वार्षिक १०२४ कार्यघण्टा सिकाइ अवधि निर्धारण गरेको थियो जुन हालसम्म पनि कायम रहेको अवस्था छ । त्यस समयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयअनुसार २०७७ असार १ गतेबाट वैकल्पिक सिकाइलाई निरन्तरता दिइएको थियो । सङ्क्रमणको उक्त अवस्थामा नै विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ अनुसार २०७७ असोज १ गतेबाट सिकाइलाई निरन्तरता दिँदा कक्षा १–३ मा वार्षिक ६९० कार्यघण्टा र कक्षा ४–१० मा

वार्षिक ८४८ कार्यघण्टा मात्र सिकाइ हुन सक्ने अवस्था सिर्जना भएको थियो । उक्त अवस्थामा वैकल्पिक सिकाइलाई निरन्तरता दिँदै शिक्षकको सहजीकरणमा सिकाइ गर्नुपर्ने मुख्य पाठ्यवस्तु र शिक्षकको निर्देशनमा तथा विद्यार्थीको आफ्नै प्रयासमा सिकाइ हुन सक्ने गरी पाठ्यक्रमका पाठ्यवस्तुलाई समायोजन गरिएको थियो । यस कारण नेपालको सन्दर्भमा यो नितान्त नौलो अभ्यास भने होइन ।

पाठ्यवस्तु समायोजन ढाँचा २०७७ ले विषयगत पाठ्यक्रमका पाठ्यवस्तु समायोजनका लागि निम्नानुसारका आधार लिइएको पाइन्छः

(क) एकीकरण

पाठ्यक्रमका मिल्दाजुल्दा पाठ्यवस्तु एवम् सिकाइ उपलब्धिलाई एकै पटक सिकाउने गरी पाठ्यक्रमका पाठ्यवस्तु समायोजन गर्ने तरिका एकीकरण  हो । यसमा कुनै विषयमा पटक पटक दोहोरिने वा सिकाइमा सामान्य स्तरीकरण मात्र भई सिकिसकेको पाठ्यवस्तुलाई थप स्थायित्व दिन अभ्यास गरिने प्रकृतिका सिकाइ उपलब्धि तथा पाठ्यवस्तुलाई एकै पटक शिक्षण गर्ने गरी विभिन्न पाठका पाठ्यवस्तु वा सम्भव भए विभिन्न विषयका पाठ्यवस्तु एकैसाथ शिक्षण गरी सिकाइ उपलब्धि पूरा गरिन्छ, जस्तैः एउटा एकाइमा प्राकृतिक विपत् र अर्को एकाइमा मानवसिर्जित विपत् भएमा एकै पटक सिकाउने तथा सामाजिक शिक्षा, भूगोल र विज्ञानमा भूकम्प भन्ने विषय भए सबै शिक्षकको सल्लाहमा पाठयोजना बनाई एकै पटक कुनै एक शिक्षकले शिक्षण गर्ने ।

(ख) समूहीकरण

यसमा सिकाइ उपलब्धि तथा पाठ्यवस्तुलाई समूहमा विभाजन गरिन्छ र एउटा समूहका सबै पाठ्यवस्तुलाई एकैसाथ शिक्षण गरिन्छ । यसो गर्दा दोहोरिने क्रियाकलाप गराउने समय बचत हुन्छ र पाठ्यवस्तुको द्रुत सिकाइ पनि हुन सक्छ, जस्तैः कविता विधाका पाठ एकै पटक शिक्षण गर्ने गरी सिकाइ उपलब्धि र विषय क्षेत्रको समूह बनाउने ।

(ग) प्राथमिकीकरण

यसमा सिकाइका लागि शिक्षकको प्रत्यक्ष सहजीकरण आवश्यक पर्ने र शिक्षकको निर्देशनमा विद्यार्थी आफैँले गर्न सक्ने गरी सिकाइ उपलब्धि तथा पाठ्यवस्तुको प्राथमिकीकरण गरिन्छ । यसरी पाठ्यवस्तु समायोजन गर्दा जुन सिकाइ उपलब्धि पूरा नभई अन्य सिकाइ उपलब्धि पूरा गर्न सकिँदैन त्यसलाई न्यूनतम सिकाइ उपलब्धि मानिन्छ र पहिलो प्राथमिकतामा राखिन्छ । एक पटक सिकिसकेको सिकाइ उपलब्धि बारम्बार दोहोरिएमा त्यसलाई एक पटक मात्र सिकाएर सोसम्बन्धी अन्य कार्यकलाप विद्यालयबाहिर पढेर, सुनेर, हेरेर र गरेर सिक्ने वातावरण बनाइन्छ भने प्रयोगात्मक कार्यका लागि विद्यालयहरूले विद्यार्थीले घरमै बसेर गर्न सक्ने कार्यहरू छनोटमा जोड दिनुपर्छ । पाठ्यवस्तुको प्राथमिकीकरण गर्दा तल्लो कक्षामा सिकिसकेका, अभिभावक, दाजुदिदी र माथिल्ला कक्षाका विद्यार्थीबाट सिक्न सक्ने, शिक्षकको निर्देशनमा आफैँ सिक्न सक्ने, इन्टरनेट, सञ्चार माध्यम र सामाजिक सञ्जालबाट सिक्न सक्ने र पाठयपुस्तक र पुस्तकालयबाट सिक्न सक्ने सिकाइ उपलब्धि र पाठ्यवस्तुलाई दोस्रो प्राथमिकतामा राखी सिकाइलाई निरन्तरता दिइन्छ ।

**शैक्षिक सत्र २०८३ को अवधि विश्लेषण**

२०८३ सालको शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने र २०८२ चैत्र २३ देखि सम्पूर्ण शैक्षिक संस्थामा शनिवार र आइतवार दुई दिन सार्वजनिक बिदा दिने नेपाल सरकार मन्त्रीपरिषद्को २०८२ चैत्र २२ मा भएको निर्णयअनुसार शैक्षिक सत्र २०८३ को अवधि विश्लेषण गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छः

| शैक्षिक वर्ष २०८३ (२०८३ वैशाख १५ देखि २०८३ चैत मसान्तसम्म) का बिदा तथा विद्यालय खुल्ने दिनहरूः | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | बिदाका दिन/महिना | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | जम्मा |
| १ | महिनाभरका जम्मा दिन सङ्ख्या | १७ | ३१ | ३२ | ३१ | ३१ | ३१ | ३० | २९ | ३० | २९ | ३० | ३० | ३५१ |
| २ | शनिवार बिदाको दिन सङ्ख्या | २ | ५ | ४ | ५ | ४ | ५ | ४ | ४ | ४ | ४ | ५ | ४ | ५० |
| ३ | आइतवार बिदाको दिन सङ्ख्या | २ | ५ | ४ | ५ | ४ | ४ | ५ | ४ | ४ | ४ | ५ | ४ | ५० |
| ४ | अन्य सार्वजनिक बिदा- २०८२/११/१८ को नेपाल राजपत्रअनुसार (दसैँ बिदा घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म गणना गरिएको) | १ | १ | ० | ० | २ | ० | १५ | ० | ४ | २ | ३ | १ | २९ |
| ५ | जम्मा बिदा दिन सङ्ख्या | | | | | | | | | | | | | १२९ |
| ६ | विद्यालय खुल्ने दिन सङ्ख्या | १२ | २० | २४ | २१ | २१ | २२ | ६ | २१ | १८ | १९ | १७ | २१ | २२२ |
| ७ | नियम ८५ अनुसार बर्खे वा हिउँदे बिदा र स्थानीय बिदा | | | | | | | | | | | | | ५० |
| ८ | बर्से/हिउँदे र स्थानीय बिदा कटाई विद्यालय खुल्ने दिन | | | | | | | | | | | | | १७२ |
| ९ | बर्से/हिउँदे बिदामध्ये माथि नै गणना भैसकेका शनिवार र आइतवार | | | | | | | | | | | | | १२ |
| ११ | अब शैक्षिक वर्ष २०८३ मा विद्यालय खुल्ने जम्मा दिन दिन | | | | | | | | | | | | | १८४ |

| | |
|---|---|
| १२ | राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार २०५ दिन विद्यालय सञ्चालन गर्दा नपुग हुनजाने दिन सङ्ख्या- २१ |
| १३ | शिक्षा नियमावलीको नियम ८४ अनुसार २२० दिन विद्यालय खुल्ने व्यवस्थाअनुसार नपुग हुने दिन सङ्ख्या- ३६ |
| १४ | मौजुदा पाठ्यक्रम प्रारूपअनुसार वर्षभरिमा पठनपाठन हुने कार्यघण्टा १०२४ |
| १५ | माथिको १८४ दिनको समयमध्ये दैनिक १५ मिनेट प्रार्थना र ३० मिनेट खाजा समय छुट्याई दैनिक ६ घण्टाको विद्यालय समयबाट पठनपाठनका लागि दैनिक रूपमा प्राप्त हुने समयावधि ५ घण्टा १५ मिनेटका आधारमा वार्षिक पठनपाठनका लागि उपलब्ध समयः ९४५ घण्टा |

उल्लिखित शैक्षिक सत्र २०८३ को अवधि विश्लेषण गर्दा परीक्षा सञ्चालनको समय, सत्रको सुरुआती तथा अन्तिम परीक्षा व्यवस्थापन एवम् नतिजा प्रकाशन लागि आवश्यक पर्ने दिनबाहेक अधिकतम ७९ घण्टा मिलान गर्नुपर्ने देखिन्छ ।

**व्यवस्थापकीय सुधार**

यस अध्ययनका क्रममा स्वीकृत पाठ्यक्रमले तोकेको १०२४ घण्टामध्ये विद्यालय खुल्ने हरेक दिनमा ५ घण्टा १५ मिनेटका आधारमा पठनपाठन हुँदा वार्षिक रूपमा ९४५ घण्टा मात्र प्राप्त हुने र ७९ घण्टा अपुग हुने भएकाले सोको सम्बोधन गर्न निम्नानुसारका व्यवस्था कार्यान्वयनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह एवम् विद्यालयलाई अनुरोध गर्नेः

| सिफारिस | गर्नुपर्ने | कार्यान्वयनको आधार | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| स्वीकृत पाठ्यक्रमले तोकेको १०२४ घण्टामध्ये विद्यालय खुल्ने हरेक दिनमा ५ घण्टा १५ मिनेटका आधारमा पठनपाठन हुँदा वार्षिक रूपमा ९४५ घण्टा मात्र प्राप्त हुने र ७९ घण्टा अपुग हुने भएकाले सोको सम्बोधन गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह एवम् विद्यालयलाई अनुरोध गर्ने। | विद्यालय समयभन्दा अतिरिक्त समयमा गरिने परियोजना तथा प्रयोगात्मक कार्यलगायतका सिकाइसम्बद्ध क्रियाकलापहरूलाई विषयगत तथा बहुविषयगत सिकाइ उपलब्धिसँग आवद्ध गर्ने र यसरी सिकाइका लागि उपयोग हुने समयलाई वार्षिक कार्यघण्टामा समावेश गर्ने | लेटर ग्रेडिङ निर्देशिका २०८३ मा पाठ्यघण्टा समायोजनसम्बन्धी व्यवस्थालाई स्पष्ट पार्ने<br>उक्त व्यवस्थालाई केन्द्रको वेबसाइटमार्फत सार्वजनिक गर्ने<br>शिक्षकसँग पाठ्यक्रम विकास केन्द्र कार्यक्रममार्फत पाठ्यघण्टा समायोजन सम्बन्धी व्यवस्थाको प्रबोधीकरण गर्ने | मिति २०८३।०१।२५ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट लेटर ग्रेडिङ निर्देशिका २०८३ स्वीकृत तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा अभिलेख कायम भई यस केन्द्रको वेबसाइटमा अपलोड गरिएको |